# संविधान सभा
## व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति
## कार्य विवरण र कार्यतालिका २०६५।०६६

| विषय शिर्षक | सि.नं. | कृयाकलाप | कार्य अवधि | विधि | व्यवस्था गर्ने निकाय | समानान्तर कार्य | समानान्तर कार्य सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सभापति निर्वाचन, र उप समिति सम्बन्धी | १. | समितिका सभापतिको निर्वाचन<br>संमाननीय अध्यक्षबाट निर्वाचन मिति तोकिए पछि | २०६५।९।१५ सम्म | नियमावली अनुसार | सचिवालय | | | |
| | २. | कार्यविवरण तयारी | २०६५।९।१८ सम्म. | समितिले सचिवालयसंग परामर्श गरी कार्यविवरण निर्धारण गर्ने । | | श्रोत र साधन व्यवस्थित गर्दै जाने | निरन्तर रुपमा | |
| विशेषज्ञहरुको प्रकृति, पहिचान र कार्यविवरण सम्बन्धी | ३ | <u>विशेषज्ञहरुको प्रकृतिको पहिचान:</u><br>केन्द्र र संघीय ईकाइका संसदको आकृति, ढाँचा तथा प्रारुप सम्बन्धमा<br>(गठन/निर्वाचन प्रक्रिया) :<br>- संसदमा राष्ट्रपति/गभर्नर रहने, नरहने<br>- कति सदनात्मक हुने,<br>- सदस्य संख्या र त्यसका आधारहरु<br>- संघीय ईकाइ अन्तर्गतका स्थानीय निकायहरुको स्वरुप र गठन प्रक्रिया<br><u>केन्द्र र संघीय ईकाइका संसदको विघटन</u><br>- व्यवस्था गर्ने, नराख्ने<br>- विघटन कहिले र कस्तो परिस्थितिमा गर्ने (When and in what circumstances)<br><u>व्यवस्थापन कार्यविधि :</u><br>- विधेयक प्रस्तुत गर्ने विधि र प्रकृया (केन्द्र र संघीय ईकाइमा)<br>- सरकारी गैरसरकारी विधेयक विषयवस्तु<br>- अर्थ विधेयक र यसको क्षेत्र<br>- विधेयकको प्रमाणिकरण (राज्य प्रमुख सभामुख, गभर्नर)<br>- अध्यादेशको प्रकृति र स्वरुप<br><u>आर्थिक कार्य प्रणाली सम्बन्धी :</u><br>- कर लगाउने र ऋण जमानत लिने, दिने विषय | २०६५।९।१४ सम्म | सचिवालयले व्यवस्था गर्ने | सचिवालय | अन्य सम्बन्धित समितिसँग समेत समन्वय गरी अगाडि बढ्ने । | तुरुन्तै शुरु गरी आवश्यकतानुसार मस्यौदा अवधिभर | सैद्धान्तिक तथा अन्तर्राष्ट्रिय अनुभवको समेत ज्ञान भएका, मुलुकभित्रको स्थिति बुझेका कम्तिमा एक विज्ञका हिसाबले उपलब्ध हुनु उपयुक्त हुने । |



3

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | - संचित तथा सरकारी कोषमाथिको व्ययभारका विषय<br>- राजस्व र व्यय लगायत अन्य आर्थिक कार्यविधि सम्बन्धी विषय | | | | | | |
| | ४ | विशेषज्ञहरुको कार्यविवरण तयार गर्ने | २०६५।९।२० देखि आवश्यकतानुसार | | सचिवालय | आवश्यकता प्रशारित गर्ने | निरन्तर | समिति स्वयंले पनि अन्य समितिहरुसंग समन्वय गरी सहयोग लिने |
| नागरिकहरुको संविधान निर्माणमा सारभूत सहभागिता | ५ | नागरिक सम्वन्ध र जनमत संकलन<br>- विशेषज्ञहरुसँगको छलफल तथा अन्तरक्रिया | ९ हप्ता<br>०६५।९।१६-२९ | उप समितिहरुको भ्रमण कार्यक्रम निर्धारण गरेर | समितिले नागरिक सम्वन्ध तथा जनमत संकलन समिति समेतसंग मिलेर गर्ने | विज्ञहरुको पहिचान र मूल्यांकन तथा टुंगो लगाउँदै जाने | निरन्तर | अन्य समितिसंगको समन्वयलाई निरन्तरता दिने |
| | | - गोष्ठी र अन्तरक्रिया:-<br>सरोकारवालाहरु, लक्षित समूह तथा नागरिक समाजसंग : | माघ महिनाभर | छलफल र अन्तरकृया | | | गोष्ठी, अन्तरक्रिया तथा राय, सुझाव संकलनमा Divergent, Horizontal, Hetrogeneous (विविधता) समूहको प्रकृतिबाट संकलन गर्ने, गराउनेतर्फ विशेष जोड दिने | |
| | | - राजधानी केन्द्रित | ०६५।१०।२-१५ | छलफल र अन्तरकृया | सचिवालय तथा समिति | | | |
| | | - क्षेत्रीयस्तर | ०६५।१०।१६-२९ | छलफल र अन्तरकृया | | | | |
| | | - राय सुझाव संकलन :<br>विभिन्न माध्यम तथा क्षेत्रबाट | निरन्तर | संचार माध्यम एवं पत्रपत्रिका समेतका माध्यमबाट | सचिवालय | | निरन्तर | |
| सवलीकरण तथा क्षमता विकास | ६ | सवलीकरण तथा क्षमता विकास<br>(कार्यक्षमता, कार्यदक्षता तथा कार्यकुशलता अभिबृद्धि) | | | | | | निर्वाह गर्नुपर्ने भूमिका अनुरुपको कार्यकुशलता, क्षमता बृद्धि गर्न उपयुक्त अध्ययन सामग्री तत्काल आवश्यक (Matching the proper talent with the requirement of the job) |
| | | - सन्दर्भ सामग्री संकलन, अध्ययन तथा आदानप्रदान | तत्कालै | खरीद तथा अन्य उपायबाट | पुस्तकालय | सचिवालयले सम्वद्ध पाठ्य सामग्रीहरुको सहज उपलब्धतामा विशेष व्यवस्था मिलाउने | निरन्तर | |
| | | - गोष्ठी, सेमिनार, तालीम र कार्यशाला | यथाशीघ्र | अभिमुखिकरण, छलफल एवं अन्तरकृया | समिति स्वमय र क्षमता अभिवृद्धि समितिसंग मिलेर | सचिवालय र क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समिति | आवश्यकतानुसार | समितिमा कार्यरत कर्मचारीलाई समेत समावेश गर्न उपयुक्त हुने। |
| | | - अध्ययन भ्रमण | नयाँ संविधानको अवधारणापत्र तयार गर्नु अगावै | आवश्यकता अनुसारको टोली वनाई जाने | सचिवालय | अध्ययन भ्रमण समेतको तयारी कार्य गर्ने तथा भ्रमण पश्चात प्रतिवेदन तयार गर्ने | आवश्कतानुसार | संघीय शासन प्रणालीको उदाहरणीय मुलुक जुन नेपालको सन्दर्भमा समेत उपयुक्त होस्, तिनको अध्ययन गर्ने। |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ संविधानको अवधारणापत्र र मस्यौदा तयार | ७ | नयाँ संविधानको अवधारणापत्र र मस्यौदा तयार<br>- मस्यौदा उपसमिति गठन<br>- अवधारणा पत्रको प्रारम्भिक मस्यौदा तयार<br>- अवधारणा पत्रहरुको संयोजन<br>- संविधानको प्रारम्भिक मस्यौदा तयार<br>- प्रारम्भिक मस्यौदामाथि छलफल | २०६५।१०।२९<br>२०६५।११।१<br>२०६५।११।१०<br>२०६५।१२।२०<br>२०६५।१२।२१-३० | आवश्यकतानुसार उपसमितिहरुले गर्ने<br>समिति<br>नियमानुसार<br>नियमानुसार<br>नियमानुसार | समितिको समन्वयमा उपसमितिले गर्ने<br>समिति<br>समिति<br>समिति<br>समिति | माथि क्र. सं. ५ बाट प्राप्त सुझावहरुको अध्ययन, विश्लेषण तथा संश्लेषण गर्दै ती सुझावहरुलाई संविधानको अवधारणापत्र तथा प्रारम्भिक मस्यौदाका लागि प्रक्षेपण (Projection) को आधारका रुपमा विश्लेषण गर्ने । | निरन्तर | विगतका संविधानका सम्वन्धित व्यवस्थाहरुलाई विश्लेषणात्मक दृष्टिकोणबाट नियाल्दै समाहित गर्नुपर्ने नविनतम व्यवस्थाको प्रक्षेपण गर्दै अगाडि बढ्ने । |
| | ८ | अवधारणा पत्र र परिमार्जित मस्यौदा संविधान सभामा पेश गर्न तयारी र छलफल समेत गरी अन्तिम रुप दिने | ०६६।१।२-१० मसान्त | उपसमितिहरुले समितिमा पेश गर्दै छलफल गर्दै समितिले अनुमोदन गर्दै जाने । | समिति | संविधानसभामा पेश गर्ने व्यवस्था मिलाउने । | | |

नोट :

१. समितिको काम सुचारु रुपले संचालन गर्न आवश्यकतानुसार उपसमितिहरु गठन गर्ने

२. मा. सभासद्हरु तथा सचिवालयका कर्मचारीहरुको कार्यदक्षता, कार्यक्षमता तथा कार्यकुशलता वृद्धिका लागि आवश्यक कार्यक्रमको व्यवस्थापन गर्न, गराउन मिति २०६५।९।२० भित्र आवश्यकता पहिचान (Need Assessment) गरी क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिलाई अनुरोध गर्ने तथा आवश्यक सन्दर्भ सामग्री तत्काल उपलब्ध गराउन नामावली पठाउने ।

## विशेषज्ञले प्रदान गर्ने सेवाका क्षेत्रहरु TOR

१. अवधारणागत र सैद्धान्तिक पक्षहरु

२. व्यवहारिक पक्ष

(क) हाम्रो मुलुकको अनुभव

(ख) अन्य मुलुकहरुका अभ्यासको जानकारी

- सवल पक्ष
- कमजोरी

३. हाम्रो मुलुकको सन्दर्भमा चुनौति, अवसर र जोखिमहरु

४. नविनतम विकास

५. अध्ययन अनुसन्धानबाट प्राप्त सूचना एवं तथ्यहरुको विश्लेषण

६. निष्कर्ष

मिति : २०६५/९/१०

## संविधानसभा
## राज्यको शासकीय स्वरुप निर्धारण समिति
## कार्यक्षेत्रको विस्तृतीकरण

यस समितिले नेपालको अन्तरिम संविधान, २०६३ ले अंगिकार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रको मूल भावना सहित संविधान सभा नियमावली, २०६५ द्वारा निर्धारित कार्यक्षेत्रमा आधारित रही देहाय बमोजिम विस्तृतीकरण गरेको छ :

१. शासन प्रणालीको प्रकृति र स्वरुप :

- संसदीय शासन प्रणाली
- प्रधानमन्त्रीय शासन प्रणाली
- सहमतीय शासन प्रणाली
- राष्ट्रपतीय शासन प्रणाली
- मिश्रित शासन प्रणाली
- अन्य शासन प्रणाली

२. विभिन्न निकायमा कार्यकारिणी अङ्गको ढाँचा :

- कार्यकारिणीको संघीय, प्रादेशीक र स्थानीय स्वरुप निर्धारण
- अधिकारको बाँडफाँड

३. विभिन्न तहमा कार्यकारिणी अधिकारको बाँडफाँड :

- संघीय, प्रादेशिक र स्थानीय सरकारहरु बीच कार्यकारिणी अधिकारको बाँडफाँड
- अधिकार बाँडफाँडको स्रोत/आधार

  (संविधान, ऐन, कानून, निर्वाचन, तहहरुबीचको सम्झौता समझदारी आदि)

४. विभिन्न तहका सरकारबीचको अन्तरसम्बन्ध :

- आर्थिक सम्बन्ध

  (स्रोत, साधनको बाँडफाँड, उपयोग, लगानी र व्यापार प्रवर्धन)

- शान्ति सुरक्षा

  (सुरक्षा व्यवस्था, आपराधिक क्रियाकलाप रोकथाम सम्बन्धी आपसी समझदारी)

५. सरकारी सेवाको गठन र सञ्चालन विधि :

- सरकारी सेवाको साङ्गठनिक स्वरुप

  (संघीय, प्रादेशिक र स्थानीय)

- अधिकारको प्रत्यायोजन, स्वविवेकीय अधिकार, त्यसको सीमा र औचित्य

२०६५।०१।२१

- सरकारी सेवा प्रवेशको आधार र लोक सेवा आयोगको संघीय, प्रादेशिक र स्थानीय ढाँचा
- समानुपातिक समावेशीकृत प्रशासन, यसका आधार र औचित्य

६. सुशासनका आधार :

- कानूनी शासन, पारदर्शिता, जवाफदेहीता, उत्तरदायित्व, निर्णयमा शीघ्रता (तदारुकता), मितव्ययिता, उपयोगिता, निष्पक्षता, विकेन्द्रीकरण, समानुपातिक समावेशी, भ्रष्टाचार निवारण, र सरलता

७. निर्वाचन प्रणाली :

- विभिन्न प्रकारका निर्वाचन प्रणालीको छनोट
- राष्ट्र प्रमुखको निर्वाचन
- सरकार प्रमुखको निर्वाचन
- संघीय, प्रादेशिक एवं स्थानीय निर्वाचन
- मतदाताको उमेर निर्धारण, त्यसको आधार र मतदाता परिचयपत्र सम्बन्धी व्यवस्था
- निर्वाचन क्षेत्र निर्धारण

८. समन्वय गर्नु पर्ने अन्य समितिहरु :

- आवश्यकता अनुसार सबै समितिहरुसँग समन्वय गर्नु पर्ने

९. विज्ञ आवश्यक पर्ने क्षेत्र

१. शासन प्रणाली सम्बन्धी
   - संवैधानिक कानून विद
   - राजनीति शास्त्री
२. निर्वाचन प्रणाली सम्बन्धी
३. प्रशासन सम्बन्धी
४. विकेन्द्रीकरण (स्थानीय स्वायत्त सरकार) सम्बन्धी
५. सुशासन सम्बन्धी
६. समावेशीकरण सम्बन्धी
७. दुर्गम क्षेत्र सम्बन्धी

१०. समितिका कार्यक्षेत्रसँग सम्बन्धित अन्य कुराहरु :

- अध्ययन, अध्ययन भ्रमण, अवलोकन, विशेषज्ञको राय-सुझाव र परामर्श, जनमत, अभिमत सङ्कलन र विश्लेषण आदि । यस विषयवस्तुसँग सम्बन्धित विभिन्न देशहरुमा गरिएका सफल प्रयोगहरु तथा गोष्ठी एवं सेमिनार सम्बन्धी कुराहरु ।

मिति : २०६५/९/१०

संविधानसभा

राज्यको शासकीय स्वरुप निर्धारण समिति

विस्तृत कार्ययोजना २०६५

संविधानसभा नियमावली, २०६५ को नियम ८६ संग सम्बन्धित

| क्र.सं | समयावधि | मुख्य चरणहरु | प्रमुख कार्यहरु | विस्तृत क्रियाकलाप |
|---|---|---|---|---|
| १ | २०६५/९/११ गतेसम्म | (क) कार्यतालिकाको तर्जुमा र विशिषज्ञ क्षेत्रको पहिचान | • कार्यसम्पादन कार्यतालिका निर्माण,<br>• विषयगत क्षेत्रको विस्तृत पहिचान,<br>• विशेषज्ञ, विज्ञ आवश्यक पर्ने क्षेत्र पहिचान,<br>• विशेषज्ञहरुको कामको विवरण TOR को पहिचान | • समिति सचिवालयले तयार गरी समितिको वैठकमा पेश गरी वैठकवाट छलफल सहित पारित,<br>• जनशक्तिका लागि आवश्यक प्रारंभिक अभिमुखीकरण कार्यक्रममा सहभागि तुल्याईने, |
| २ | ०६५/९/१२ देखि ०६५/९/१५ गतेसम्म | (क) समितिको कार्यविधि सं.अध्यक्ष समक्ष पेश गर्ने<br>(ख) सभापतिको निर्वाचन<br>(ग) प्रचार प्रसार गर्ने | • सभापतिबाट कार्यतालिका र विज्ञ आवश्यक पर्ने क्षेत्र सम्बन्धी प्रतिवेदन अध्यक्ष समक्ष प्रस्तुत<br>• सभापति चयन,<br>• नागरिक शिक्षा, तालिम तथा अभिमुखीकरण कार्यक्रमको प्रारंभ । | • समितिका सभापतिबाट कार्यव्यवस्था परामर्श समिति समक्ष प्रस्तुत ।<br>• संमाननीय अध्यक्षज्यूबाट सबै समितिका सभापतिहरुको संयुक्त वैठक आव्हान गरी कार्यतालीका र विज्ञ आवश्यक क्षेत्रलाई अन्तिम रुप दिने,<br>• कार्यक्षेत्रभित्रका विषयवस्तुहरुका सम्बन्धमा सञ्चारका माध्यमबाट प्रचार प्रसार गरी सर्वसाधारण लगायत सबैलाई सूचित गराउने ।<br>• सम्माननीय अध्यक्षबाट पुस १५ गते सभापतिको निर्वाचन हुने गरी मिति र समय तोक्ने । |
| ३ | २०६५/९/१५ देखि ०६५/९/२९ गतेसम्म | समितिको बैठक | • समितिका बैठकहरुमा कार्यक्षेत्रभित्रका विषयगत बुँदामाथि प्रारंभिक छलफल गर्ने । | • संविधान निर्माण प्रक्रियाका सम्बन्धमा विज्ञहरुबाट समितिलाई विस्तृत जानकारी गराइने,<br>• प्रत्येक दिन दिनको २:०० बजेदेखि । |
| ४ | २०६५/१०/१ देखि ०६५/११/१४ गतेसम्म | राय सुझाव संकलन | • नयां संविधानको अवधारणाको वारेमा व्यापक छलफल, विचार विर्मश गर्ने तथा नागरिक समाज, विशेषज्ञ र आम नागरिकबाट सुझाव लिने,<br>• संविधान निर्माण प्रकृया वारे विभिन्न संचार माध्यमहरुवाट आम जनतालाई सुसुचित गर्ने,<br>• अध्ययन अनुसन्धान गर्ने । | • देशका सबै गा.वि.स.सम्म समिति स्वयं पुगी परामर्श, छलफल र कार्यशाला गोष्ठीको आयोजना गरी राय, सुझाव संकलन गर्ने,<br>• विभिन्न प्रकारका शासन प्रणालीहरु अवलम्वन गर्ने मुलुकहरुको स्थलगत अध्ययन अवलोकन भ्रमण गर्ने<br>• कार्यक्षेत्रसंग सम्बन्धित विषयमा विज्ञ, विशेषज्ञहरुवाट सम्वन्धित विषयहरुको जानकारी समिति स्वयंले प्राप्त गर्ने,<br>• आफ्नो कार्यक्षेत्र सम्वन्धित विषयमा प्रश्नावली तयार गरी सुझाव संकलन गर्ने,<br>• विभिन्न सञ्चार माध्यमवाट आवश्यक सूचनाहरु प्रचार प्रसार गरी सूचना संकलन गर्न प्रयासरत रहने,<br>• समितिको नाममा सम्वन्धित राय, सुझावहरु पठाईदिन सम्वन्धित सवैलाई आह्वान गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ५ | २०६५/११/१५ देखि २०६६/१/१० सम्म | अवधारणा पत्र तथा प्रारंभिक मस्यौदा तयारी | • विभिन्न निकायवाट प्राप्त रायसुझावलाई एकिकृत गरी अवधारणा पत्र तयार गर्ने,<br>• अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार गर्ने,<br>• प्रारंभिक मस्यौदालाई अन्तिम रुप प्रदान गर्ने । | • समितिको बैठकमा छलफल गरी तयार गर्ने ।<br>• प्रारम्भिक प्रतिवेदन माथि समितिमा व्यापक र विस्तृत छलफल गरिने ।<br>• प्रतिवेदनलाई प्राप्त सुझाव एवं अन्य अध्ययनवाट अन्तिम रुप दिइने । |
| ६ | २०६६/१/११ देखि ०६६ जेठ मसान्त सम्म | अवधारणा पत्र र प्रारम्भिक मस्यौदा माथि सभामा छलफल र पारित | • समितिको बैठकद्वारा पारित प्रतिवेदन र अवधारणापत्र संविधान सभामा पेश गर्ने<br>• संविधान सभामा अवधारणा पत्र र मस्यौदा प्रतिवेदनमाथि छलफल गरी संवैधानिक समितिलाई राय सुझाव सहितको प्रतिवेदन पठाउने । | • सम्वन्धित समितिले संविधानसभामा छलफल हुँदा उठाइएका विषयवस्तुको टिपोट गर्ने ।<br>• टिपोट एवं सुझाव संवैधानिक समितिमा पठाउने । |
| ७ | २०६६ असार देखि २०६६ भाद्र मसान्त सम्म | × | × | × |
| ८ | २०६६/६/१ गते देखि मंसिर २८ गते सम्म | संविधान सभाबाट नयां संविधानको स्वीकृत प्रारम्भिक मस्यौदामाथि राय सुझाव संकलन, | • नयां संविधानको अवधारणाको वारेमा छलफल, विचार विमर्श, नागरिक समाज, विशेषज्ञ र आम नागरिकवाट सुझाव लिने,<br>• संविधान निर्माण प्रकृया वारे विभिन्न संचार माध्यमहरुवाट आम जनतालाई सुसुचित गर्ने, | • देशका सवै गा.वि.स.सम्म जनमत संकलन र समन्वय समितिको कार्ययोजना अनुरुप समिति स्वयं पुगी परामर्श, छलफल र कार्यशाला गोष्ठीको आयोजना गरी सुझाव संकलन गर्ने,<br>• आफ्नो कार्यक्षेत्र सम्वन्धित विषयमा प्रश्नावली तयार गरी सुझाव संकलन गर्ने,<br>• विभिन्न सञ्चार माध्यमबाट आवश्यक सूचनाहरु प्रचार प्रसार गरी सूचना संकलन गर्ने,<br>• समितिको नाममा सूचनाहरु पठाईदिन सम्वन्धित सबैलाई आह्वान गर्ने । |
| ९ | २०६६/८/२६ गते देखि पुस २२ सम्म | संकलित राय सुझाव समेटी परिमार्जित मस्यौदा तयार | • जनमत संकलन समितिवाट आफ्नो विषयसँग सम्वन्धित राय सुझाव प्राप्त गर्ने,<br>• रायसुझावका आधारमा पहिलो प्रारंभिक मस्यौदालाई अन्तिम परिमार्जन गर्ने,<br>• परिमार्जित मस्यौदा प्रतिवेदन र अवधारणापत्रलाई जनमत संकलन समितिमा पठाउने । | • समितिको वैठकवाट सम्पन्न गर्ने,<br>• प्रतिवेदन तयारीमा जनमत संकलन तथा समन्वय समितिसंग सहकार्य गर्ने । |

मिति : ०६५/९/८